
के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस ५ गते शुक्रबार ❑ 20 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## 'पूर्वाधार निर्माण र सेवा विस्तारमा लगानी बढाउनुपर्नेमा जोड'

पोखरापत्र संवाददाता
पोखरा ४ पुस

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पूर्वाधार निर्माण र सेवा विस्तारका क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी बढाउँदै लैजानुपर्नेमा जोड दिनुभएको छ।

त्रिभुवन विश्वविद्यालय र चीनको सिचुवान विश्वविद्यालयअन्तर्गत चाइना सेन्टर फर साउथ एसियन स्टडिजको संयुक्त आयोजनामा बिहीबारदेखि पोखरामा सुरु भएको 'फेवा संवाद' को उद्घाटन गर्दै पूर्वराष्ट्रपति भण्डारीले मुलुकको अर्थतन्त्र वृद्धि गर्दै विकास, निर्माणमा लगानी बढाउँदै जानुपर्ने उल्लेख गर्नुभयो। उहाँले विदेशी र स्वदेशी लगानीका क्षेत्र बढाउँदै स्वदेशी उत्पादनमार्फत राजस्वमा वृद्धि गर्नुपर्ने बताउनुभयो।




पूर्वराष्ट्रपति भण्डारीले नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको कृषिलाई व्यावसायिक बनाउनुका स्थानीयस्तरमा उद्योग स्थापना गरी स्वदेशी माग पूरा गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले स्वदेशी उत्पादनको निर्यात बढाएर रोजगारी सिर्जना गरी दिगो विकास गर्दै नागरिकको आर्थिकस्तर उकास्न सकिने धारणा राख्नुभयो। विकास प्रक्रियालाई तीव्रता दिँदा जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने र त्यसलाई अनुकूल बनाउने किसिमका नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक रहेको पूर्वराष्ट्रपति भण्डारीले बताउनुभयो। हरितगृह ग्यास उत्सर्जनमा न्यून योगदान गर्ने नेपालसहित हिमाली र टापु राष्ट्रहरू जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित भएका उल्लेख गर्दै पूर्वराष्ट्रपति भण्डारीले कार्बन उत्सर्जनमा प्रमुख योगदानकर्ताका रूपमा विकसित र औद्योगिक राष्ट्रहरूले जलवायु सङ्कटको जिम्मेवारी लिनुपर्ने धारणा राख्नुभयो। जलवायु परिवर्तनले वातावरणीय चुनौती निम्त्याउन न्यूनतम भूमिकामा रहेका राष्ट्रहरूलाई विकसित राष्ट्रहरूले उचित र पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउनुपर्नेमा जोड दिँदै पूर्वराष्ट्रपति भण्डारीले जलवायु परिवर्तनका कारण जोखिममा परेका देशलाई अनुकूलन र हानीनोक्सानी क्षतिपूर्ति उपलब्ध गराउन स्पष्ट रूपमा वित्तीय स्रोत र प्रविधि दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

विश्वव्यापी रूपमा सफल, अनुकरणीय र उपयुक्त विकास अभ्यासबाट सकारात्मक पाठ सिक्नुपर्ने बताउँदै उहाँले केही दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको अनुभव हाम्रा लागि प्रेरणादायी हुने उल्लेख गर्नुभयो। उत्तरी छिमेकी राष्ट्र चीनले छोटो अवधिमा ठूलो जनसङ्ख्यालाई गरिबीबाट बाहिर निकालेको र आफ्नो अर्थतन्त्रमा आमूलपरिवर्तन गरेकाले चीनबाट नेपालजस्ता मुलुकले चीनको अनुसरण गर्नुपर्ने उहाँले बताउनुभयो।

लगानीमैत्री र व्यावसायिक वातावरण, वैदेशिक लगानी आकर्षित गर्न द्रुत नीति र संस्थागत सुधार, औद्योगिक तथा भौतिक पूर्वाधारको विकास र सुशासन र संस्थागत क्षमता वृद्धिलगायत क्षेत्रमा सुधार गरेमा दोहोरो अङ्कको आर्थिक वृद्धि हासिल गर्न सकिने पूर्वराष्ट्रपति भण्डारीले धारणा राख्नुभयो। नेपालका लागि चिनियाँ राजदूत छन् सङले सम्मेलनले यहाँको पर्यटन प्रवर्द्धनसँगै जनता-जनताबीच सम्बन्ध स्थापना गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा केशरजङ्ग बरालले त्रिभुवन विश्वविद्यालय र सिचुआन विश्वविद्यालयबीचमा शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानका क्षेत्रमा विभिन्न सहकार्य हुँदै आएको बताउँदै सोहीअन्तर्गत पोखरामा यस किसिमको बौद्धिक बहस गर्न लागिएको जानकारी दिनुभयो। कार्यक्रम संयोजकसमेत रहनुभएका त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा डा खड्ग केसीले दक्षिण तथा दक्षिणपूर्वी एसियाली मुलकको सहकार्यलाई थप प्रगाढ बनाउन, अन्तर आबद्धतालाई अवसरमा रुपान्तरण गर्न, प्रविधि र विकासको साझेदारी अभिवृद्धि गर्न फेवा संवाद आयोजना गरिएको जानकारी दिनुभयो।

सिचुवान विश्वविद्यालयका प्राध्यापक यायो लेलेले अनुभव आदानप्रदानसँगै सांस्कृतिक आदानप्रदान, ज्ञान र सीप हस्तान्तरण, मित्रता अभिवृद्धिलगायत क्षेत्रमा सम्मेलन प्रभावकारी र फलदायी बन्ने विश्वास व्यक्त गर्नुभयो।

## शिक्षा क्षेत्रमा आमुल परिवर्तनको आवश्यकतामा माथि शिक्षाविद्हरुको जोड

पोखरापत्र संवाददाता
पोखरा ४ पुस

देशको अर्थतन्त्र, सम्बृद्धि तथा विकासका लागि शिक्षा क्षेत्रमा आमुल परिवर्तनको आवश्यकतामा माथि शिक्षाविद् हरुले जोड दिएका छन्।



पोखरामा प्रजातन्त्रवादी प्राध्यापक संघ गण्डकी प्रदेश र नेपाल शिक्षक संघ कास्कीको संयुक्त आयोजनामा आयोजित वर्तमान शिक्षा प्रणालीमा देखिएका विसङ्गति र निराकरणका उपायहरु सम्बन्धित अर्न्तक्रियामा सहभागि विज्ञहरुले सो सुझाव दिएका हुन्। कार्यक्रममा बोल्दै पुर्वशिक्षामन्त्री एवं नेपाली काँग्रेस एनपी साउदले शिक्षालाई रोजगार िसँग जोडेर लैजान विश्वविद्यालय पाठ्यक्रममा जोड दिनुपर्ने बताउनुभयो।

उहाँले शिक्षा क्षेत्रको विकासका लागि शिक्षा ऐन संशोधन अत्यावश्यक रहेको र यसलाई छिटो ल्याउनका लागि आफुले दबाब दिने बताउनुहुदैँ शिक्षा ऐन पारित हुने चरणमै रहेको जानकारी दिनुभयो। अर्का युवा नेता गोविन्द भट्टराईले शिक्षा क्षेत्रलाई डिजिटलमैत्री पाठ् यक्रमका साथै सिपसँग शिक्षाको अवधारणालाई जोड दिनु आजको आवश्यकता रहेको बताउनुभयो। नेपाली काँग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले नैतिक शिक्षा कमजोर बन्दै गएको कारण समाजमा विकृति बढ्दै गएको बताउनुभयो। त्यसैगरी शिक्षाविद् तथा प्रा.डा कुश्माकर न्यौपानेले नेपालमा कुलपति वा उपकुलपति नियुक्तिमा हुने विकृतिको अन्त्य गर्नुपर्ने भनाई राख्नुभएको थियो।

उहाँले विश्वविद्यालयमा गरिने कुलपति नियुक्तको विषयले प्राध्यापकहरुले अपमान भोग्दै आइरहेको सुनाउँदै यसको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो।

पञ्चायतकालमा जसरी विज्ञको सम्मान भएको थियो गणतन्त्र आएपछि त्यो गुमेको बताउनुहुदै विश्वविद्यालयमा कुलपति नियुक्तिको नाममा राजनैति निवेदनको भिक्षा माग्ने प्रचलनको अन्त्य हुनुपर्ने उहाँको भनाई थियो। प्रा.डा न्यौपानेका अनुसार कुलपति नियुक्त गर्दा अनेक विज्ञ प्राध्यापकले निवेदन दिदैँ गर्दा एक जनालाई मात्र बनाउन सक्ने स्थितिमा अन्य प्राध्यापकहरुको अपमान हुँदै आइरहेको उल्लेख गर्नुभयो।

कांग्रेसले मन्त्रालय रोज्दा शिक्षा मन्त्रालय लिन नमानेको सुनाउँदै अब शिक्षा मन्त्रालय रोजेर प्राध्यापकप्रति हुने अपमानको उच्छेदन गर्नुपर्ने उहाँको भनाई थियो। आगामी दिनहरुमा नेपालमा विज्ञहरुको कमी हुने खतरा देखिदैँ आइरहेको बताउनुहुदै देशका युवा जनशक्ति उच्च शिक्षाका लागि विदेशीने बाध्यताले नेपालमा अब सामान्य विषयमा समेत विदेशबाट विज्ञ ल्याउनुपर्ने अवस्था आउन सक्नेमा चिन्ता व्यक्त उहाँको थियो। शिक्षा प्रणालीमा देखिएका विकृति निराकरणका लागि कांग्रेसले नै शिक्षा मन्त्रालय रोजेर पाठ्यक्रम/ पाठ्यपुस्तक परिवर्तन गर्दै देश पढाउने शिक्षा ल्याउन सुझाव प्राडा न्यौपानेको थियो। उहाँले शिक्षामा आएको विकृतिले समग्र राष्ट्रलाई समस्या पारिरहेको बताउनुभयो। करिब ५३ वर्ष पुरानो शिक्षा ऐनलाई अहिलेपनि मानिराख्नुपर्ने बाध्यता रहिआएको प्राध्यापक भोलानाथ पौडेलले बताउनुभयो। उहाँले पञ्चायति अवस्थाको ऐनलाई आजसम्म पनि परिवर्तन गर्न नसक्नुको पछाडीको कारणबारे आफुहरु अनविज्ञ रहेको उहाँको भनाइ थियो। सोही अन्तक्रिया कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशमा प्रेस युनियनबाट नवनिर्वाचित हुनुभएका अध्यक्ष रमेश पौडेल सहित अन्य सदस्यहरुलाई बधाई सँगै कार्यकालको शुभकामना व्यक्त गरिएको थियो।

## देशभरि इन्टरनेट र टेलिफोन सेवा विस्तार गर्ने अभियानमा छौँ : मन्त्री गुरुङ

पोखरापत्र संवाददाता
लमजुङ ४ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मन्त्रालय देशभर इन्टरनेट र टेलिफोन सेवा विस्तार गर्ने अभियानमा रहेको बताउनुभएको छ।



लमजुङको मालिङमा बिहीबार क्व्होलासोथार गाउँपालिको प्रशासकीय भवन र मालिङ प्राथमिक अस्पतालको नवनिर्मित भवनको उद्घाटन गर्दै मन्त्री गुरुङले नेपाल सरकारको डिजिटल फ्रेमवर्कको उद्देश्य पूरा गर्ने सुरुआती थलोको रुपमा लमजुङलाई लिएकाले यहाँका घर घरमा इन्टरनेट र टेलिफोन सेवा पुऱ्याइने बताउनुभयो। जिल्लालाई यस वर्ष पूरै सूचना प्रविधिमैत्री बनाइने उहाँको भनाइ थियो।

इन्टरनेट र टेलिफोन सेवा विस्तारपछि यहाँका सरकारी कार्यालयमा सूचना प्रविधिमार्फत सेवा प्रदान गरेर आधुनिक प्रशासन प्रणालीमा जोड दिइने मन्त्री गुरुङले बताउनुभयो।

अहिलेको समय सूचना प्रविधिको भएकाले विद्यालय शिक्षा प्रविधियुक्त बनाउन लमजुङका सबै समुदायिक विद्यालयमा कम्प्युटर ल्याब उपलब्ध गराइने उहाँले उल्लेख गर्नुभयो। हालसम्म १० सामुदायिक विद्यालयमा १०/१० थान कम्पुटर उपलब्ध गराइसकेको उहाँले जानकारी दिनुभयो।

## महायज्ञबाट दुई करोड बढी संकलन

पोखरापत्र संवाददाता
स्याङ्जा ४ पुस

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मा रहेको मिर्मी बहुमुखी क्याम्पसले महायज्ञबाट रु दुई करोडभन्दा बढी रकम संकलन गरेको छ।

राष्ट्र निर्माण धार्मिक महोत्सव, २०८१ अन्तर्गत मिर्मी बहुमुखी क्याम्पसमा प्राविधिक विषय सञ्चालन तथा क्याम्पसको स्तरोन्नति गर्ने उद्देश्यसहित आयोजित श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञबाट रु दुई करोड ३० लाख रकम सङ्कलन भएको हो। कलश बिक्री, दान पेटिका, सहयोग रसिद, आजीवन सदस्य लगायतका शीर्षकबाट रकम संकलन भएको हो। मिर्मीमा २०६२ सालमा सामुदायिक क्याम्पसका रुपमा स्थापित उक्त क्याम्पसले महायज्ञबाट सङ्कलन भएको रकमबाट क्याम्पसको स्तरोन्नति गर्ने क्याम्पस प्रमुख रामप्रसाद पाण्डेले बताउनुभयो। स्याङ्जा, गुल्मी र पर्वतका विकट र दूरदराजका विद्यार्थीको पहुँचमा रहेको यस क्याम्पसको शैक्षिक र भौतिक पक्षको स्तरोन्नति गर्नुपर्छ भन्ने लागेर महायज्ञ आयोजना गरिएको उहाँले बताउनुभयो। "क्याम्पसको शैक्षिक र भौतिक पूर्वाधार निर्माण, सुधार तथा स्तरोन्नतिका लागि विभिन्न व्यक्ति तथा संस्थाले सहयोग गर्नुभएको छ" उहाँले भन्नुभयो, "विगतदेखि अधुरा रहेका काम पूरा गर्नका लागि विभिन्न क्षेत्रबाट सहयोग गर्नुहुने दानवीरहरुप्रति क्याम्पसका तर्फबाट आभार व्यक्त गर्दछौं।" क्याम्पस परिसरलाई घेराबार गर्ने, भौतिक संरचनाहरुको संरक्षण गर्ने, छात्राबास, पुस्तकालय भवन निर्माण, सूचना प्रविधिजस्ता आधुनिक प्रविधिमैत्री कक्षा निर्माणमा सङ्कलित रकम खर्च गरिने क्याम्पस सञ्चालक समितिका अध्यक्ष वेदनिधि भट्टराईले बताउनुभयो। क्याम्पसमा स्नातकोत्तर तह सञ्चालनका आधार तयार पार्ने, आध्यात्मिक संस्कारयुक्त सकारात्मक सोच र भावनाको विकास गर्ने, यस क्षेत्रमा संस्कार, संस्कृति तथा धार्मिक पर्यटनको प्रवर्द्धन गर्नका लागि महायज्ञले महत्वपूर्ण टेवा पुगेको उहाँको बुझाइ छ। बालक, युवा र ज्येष्ठ नागरिक सबैमा आध्यात्मिक चेतना र संस्कारको विकास गर्ने मुख्य उद्देश्यका साथ मङ्सिर २२ देखि २९ सम्म महायज्ञ सञ्चालन भएको थियो। विसं २०६२ मा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई शिक्षा, ब्यवस्थापन तथा मानविकी सङ्कायका विभिन्न विषयहरुमा अध्यापन हुँदै आइरहेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकीमा खेलाडी दर्ता पौष ९ गतेसम्म

**पोखरापत्र संवाददाता**
पोखरा ४ पुस



गण्डकी प्रदेशका ११ वटै जिल्लामा पौष ९ गते सम्म खेलाडी दर्ताका लागि आह्वान गरिएको छ।

प्रदेश खेलकुद परिषद गण्डकीद्वारा बिहिबार आयोजित विभिन्न खेल संघका पदाधिकारीहरुको बैठकमा परिषदका सदस्य सचिब श्रीधर शर्माले जानकारी गराएका हुन् । १० औं राष्ट्रिय खेलकुदको पूर्व तयारीका लागि परिषदले बोलाएको प्रारम्भिक छलफलमा सदस्य सचिब शर्माले उक्त जानकारी दिंदै राष्ट्रिय खेलकुदको नयाँ निर्देशिका अनुसार दर्ता नभएका खेलाडीहरु सहभागि बन्न नपाउने जनाएका हुन् ।

“१० औं राष्ट्रिय खेलकुदको निर्देशिका अन्तिम निर्माणको तयारीमा छ” सदस्य सचिब शर्माले भने-“पौष ९ गते सम्म आ-आफ्ना जिल्ला खेलकुद विकास समितिमार्फत दर्ताका लागि हामीले आह्वान गरेका छौं ।” उनले थपे-“दर्ता नभएका खेलाडीहरु आगामी चैत्र २३ देखि ३० गते सम्म कर्णाली प्रदेशमा हुने १० औं राष्ट्रिय खेलकुदमा सहभागिता जनाउन पाउने छैनन् ।” यसै गरी दर्ता र नविकरण नभएका खेल संघहरुलाई यहि पौष २० गते सम्म नविकरण र दर्ताका लागि आह्वान गरेको छ । चैत २० गते सम्म दर्ता र नविकरण नर्गने खेल संघहरुलाई दर्ता रद्ध गर्ने जनाउँदै बैठकमा सदस्य सचिब शर्माले दर्ता खारेज हुने खेल संघहरुलाई लेटर प्याड र छाप प्रयोगमा समेत रोक लगाइने बताए । खेल संघका पदाधिकारीहरुको छलफलमा १० औं राष्ट्रिय खेलकुदको पूर्व तयारीका लागि खेल सामाग्रीहरुको समुचित वितरण, खेल प्रशिक्षकहरुको नियुक्ति, खेल मैदानहरुको सुधारलगायतका विषयमा आफ्ना धारणा राखेका थिए । उनीहरुले नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशले प्राप्त गरेको शाखलाई गुम्न नदिन परिषदले योजनावद्ध रुपमा आफ्ना कार्यक्रमहरु तय गर्नुपर्ने सुझाव समेत दिए । छलफलमा दशौ राष्ट्रिय खेलकुदको छनौट कार्यक्रम गाउँपीलका तहहरुमा गर्न सुझाव दिंदै प्रदेशका सबै जिल्ला र पालिकाहरुमा अपनत्व हुने गरी अघि बढाउन समेत सहभागिहरुले जोड दिएका छन् । जसका कारण सबै पालिकाहरुले समेत खेलकुदको विकासमा साझेदारी गर्ने अवसर संगै सुमदायमा खेलकुदलाई जोड्न समेत छनौट कार्यक्रम अझै प्रभावकारी हुने उनीहरुको जोड थियो । १९ औं एसियाली खेलकुदमा नेपालको झण्डा अन्तर्राष्ट्रिय ऐरिनामा फहराउन सफल खेल प्याराग्लाइडिङलाई समेत १० औं राष्ट्रिय खेलकुदमा समावेश गर्न समेत उनीहरुले जोड दिएका छन् भने हरेक जिल्लामा सबै खेलका रेफ्रिहरुको उत्पादन हुनुपर्ने विषयलाई समेत गम्भिरता पूर्वक उठाए । सो अवसरमा बोल्दै प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङले ११ वटै जिल्लामा खेल संघहरुको विस्तार गर्दै पालिकास्तरमा समेत खेलका गतिविधि बढाउन खेल संघहरुलाई आग्रह गरे । त्यस्तै कार्यकारी सदस्य दिल बहादुर गुरुङले १० औं राष्ट्रिय खेलकुदमा प्राप्त शाखलाई जोगाउन सबै खेलसंघहरुले ध्यान केन्द्रित गर्न आग्रह गर्दै खेल संघहरुको समस्या समाधान गर्न परिषद संधै तयार रहेको उल्लेख गरे । त्यस्तै परिषदका महाशाखा प्रमुख राम प्रसाद आचार्यले खेलको विकासका लागि पालिकास्तरमा बाटनै संघहरुले ध्यान दिनुपर्ने जनाए ।

# भ्रामक र मिथ्या सूचना परमाणु शक्तिभन्दा ठूलो चुनौती

**पोखरापत्र संवाददाता**
पोखरा ४ पुस




आजको विश्वमा सबैभन्दा ठूलो चिन्ता र चासोको विषय के हो ? उत्तर र विचार आआफ्नै हुनसक्छन् । कतिपयलाई सम्भावित तेस्रो विश्वयुद्ध वा परमाणु शक्तिको भय पनि छ । तर पत्रकार रजनीश भण्डारी भने मिथ्या र भ्रामक सूचना आजको विश्वको सबैभन्दा चुनौतीको विषय भएको ठान्छन् । यही कुरा उनी बिहीबार लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरमा पत्रकारिताका विद्यार्थीलाई बुझाउँदै थिए। नेपाल इन्भेस्टिगेटिभ एन्ड मल्टिमिडिया जर्नालिज्म नेटवर्क (निमजिम) का संस्थापक तथा प्रधान सम्पादक भण्डारीले मिथ्या र भ्रामक सूचनाबाट नागरिकलाई जोगाउने दायित्व पत्रकारहरुको भएको बताए । उनले भने, ‘ आज पत्रकारले पत्रकारितामात्रै गरेर हुँदैन, मल्टिमिडिया पनि जान्नुपर्छ ।’ उनले कृत्रिम बौद्धिकता अर्थात एआईले पत्रकारहरुलाई चुनौती थपेको पनि सुनाए ।

‘थाहा छैन, एआईले कति पत्रकार विस्थापित गर्छ, चुनौती छ, तर चुनौती भएकैले अवसर पनि छ,’ उनले भने, ‘विशेष शैलीको खोजी पत्रकारिताबाट पत्रकारितालाई विश्वसनीय बनाउनुपर्छ । संसारभर नै अहिले मिडियाले विश्वसनीयता कसरी बढाउने भन्ने चिन्ता छ ।’

पश्चिमाञ्चल माविमा पत्रकारिता पढिरहेकी जस्मिन गुरुङले पत्रकारिता कसरी विश्वसनीय बन्न सक्ला भनेर गरेको प्रश्नमा भण्डारीले भने, ‘पारदर्शिता, उत्तरदायी र आधिकारिताले पत्रकारितालाई विश्वसनीय बनाउँछ, मिथ्या र भ्रामक सूचनाबाट बचाउँछ।’ खोजी पत्रकारिताले समस्या उजागरसँगै समाधानका उपाय पनि ल्याउन सक्नुपर्ने विचारसमेत उनले राखे । निमजिमकी फेलो एलिना राईले फिचर समाचारमा व्यक्तिहरुका भनाइहरुमात्रै समेट्दा हुने भए पनि खोजी पत्रकारितामा प्रमाणहरु जुटाउनुपर्ने बताइन् । लेकसिटी कलेजकी विद्यार्थीसमेत रहेकी पत्रकार रीना थापाले निमजिमका लागि आफूले गरेको खोजी पत्रकारिताको अनुभव सहपाठीहरुसहितका विद्यार्थीसँग साटिन् । उनले पोखराको लेकसाइडका स्पाहरुमा नाबालिगहरुको बेचबिखन कसरी भइरहेको भन्ने समाचार हालै लेखेकी थिइन् । त्यस क्रममा सबै प्रमाण र तथ्य जुटाइसकेपछि मात्रै प्रहरी, प्रशासनको पनि भनाइ लिन गएको बताइन् । ‘पहिला प्रहरी प्रशासनकहाँ गएको भए सूचना लुकाइसक्ने रहेछन्,’ उनले भनिन् । निमजिमकै कार्यक्रम सहायक आयसा बज्राचार्यले संस्थाले कसरी नयाँनयाँ पत्रकार हरुलाई अवसर दिन्छ र कसरी खोजी पत्रकारिता गर्न सकिन्छ भन्नेबारे बताइन् । कलेजका अध्यक्ष प्राडा विश्वकल्याण पराजुलीले विद्यार्थीलाई आफूले पढेको विषय पत्रकारितामा करियर बनाउन हौसला मिलोस् भनेर सफल र व्यावसायिक पत्रकार भण्डारीसहितलाई डाकेर विद्यार्थी प्रेरित गरिएको जानकारी दिए । सहायक क्याम्पस प्रमुख शोभाकान्त सिग्देलले पाठ्यक्रमसँगै विद्यार्थीहरुलाई व्यावहारिक ज्ञान दिन अतिरिक्त क्रियाकलाप कलेजमा हुँदै आएको बताए । अनुभवी पत्रकार दिनेश रेग्मीले समाचार सजिलै नपाइने खोज्नु नै पर्ने विचार राखे । विद्यार्थीहरु अस्मिता रानाभाट, सन्देश शर्मा लगायतले पत्रकारिताका विविध आयामबारे जिज्ञासा राखेका थिए । अन्तरक्रिया कार्यक्रममा बि.ए.चौथो वर्षमा पत्रकारिता अध्ययनरत बसन्त कार्कीले सहजीकरण गरेका थिए।

# हरिचोक-याम्दी सडक स्तरोन्नतिको काम तीव्र

**पोखरापत्र संवाददाता**
पोखरा ४ पुस



राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत कास्कीको हरिचोक-याम्दी खण्डको स्तरोन्नतिको काम तीव्रगतिमा भइरहेको छ।

हाल कालोपत्रका लागि पूर्वाधार तयारीको काम पूरा भएको छ । करिब दुई हजार दुई सय मिटर दूरीको उक्त सडक समयमा कालोपत्र नहुँदा जनगुनासो बढेको थियो ।

पर्वतस्थित लोकमार्ग आयोजना कार्यालयका इन्जिनियर किरण सुवेदीले जनगुनासो सम्बोधनका लागि स्तरोन्नतिका काम धमाधम अगाडि बढाइएको र अब कालोपत्रका लागि ‘ प्लान्ट’ राख्ने काम भइरहेको बताउनुभयो । उहाँका अनुसार आगामी माघभित्र सडक कालोपत्रको काम सम्पन्न हुने गरी प्रक्रिया अगाडि बढेको छ भने नाली, पर्खाल, कल्भर्टलगायत काम करिब छन् । विसं २०७९ साउनमा दुई वर्षमा सक्ने गरी ठेक्का दिइएको यस खण्डमा निर्माण कम्पनीको ढिलासुस्तीका कारण काम सम्पन्न हुन सकेको थिएन । समयमा काम नभएपछि आउँदो चैतसम्मलाई म्याद थप गरिएको छ । आयोजना कार्यालयले ठेक्का तोड्ने चेतावनी दिएपछि निर्माण कम्पनीले काम तीव्रगति अगाडि बढाएका जनाइएको छ।

यो प्रदेश राजधानी पोखरा जोड्ने मुख्य सडक हो । पर्यटकीय राजधानीसमेत रहेको पोखरा प्रवेश गर्ने मुख्य सडकमार्गमा धुलो र हिलोको समस्या हुँदा समस्या भएको भन्दै स्थानीय आक्रोसित छन् । त्यसैले छिटो सडक स्तरोन्नतिको माग गर्दै स्थानीयले पटकपटक दबाबमूलक कार्यक्रम गर्दै आएका थिए । इन्जिनियर सुवेदीले कालोपत्रका लागि अन्तिम तयारी भइरहेकाले अब उक्त समस्या सधैंका लागि अन्त्य हुने बताउनुभयो । पोखराको जिरो किमीदेखि हरिचोक र याम्दीदेखि फेदीसम्मको सडक तीन वर्षअघि नै कालोपत्र गरिएको थियो । पश्चिमतर्फ पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुम पूर्वलगायत जिल्लाबाट लोकमार्ग हुँदै दैनिक सयौं सवार ीसाधन पोखरा आउजाउ गर्छन् ।

# सुन्तला किन्न व्यापारी बगैँचामा

**पोखरापत्र संवाददाता**
स्याङ्जा ४ पुस



स्याङ्जाको वालिङ नगरपालिका-५ पाँडेथोकका अगुवा कृषक हुमनाथ लामिछाने यस वर्ष बगैँचाबाटै सुन्तला बिक्री गर्नुभयो ।

आफ्नो फार्ममा उत्पादित सुन्तला काठमाडौँस्थित अकिष्टा नेपाल प्रालिले खरिद गर्ने सम्झौता गरेसँगै बजारीकरणमा सहज भएको हो । पित्लेक कालिका कृषि फार्म र अकिष्टा नेपाल प्रालिबीच यहाँ उत्पादित सुन्तला खरिद बिक्री गर्ने सम्झौताअनुरुप कार्यान्वयन भएकाले उत्पादित सुन्तलाको बजारीकरणमा सहज भएको अगुवा कृषक लामिछानेले बताउनुभयो । “कम्पनीसँग यसवर्ष सम्झौता भएबमोजिम प्रतिकेजी रु ६५ का दरले हामीले बिक्री गर्‍यौँ”, उहाँले भन्नुभयो, “कम्पनीबाट दुई-तीन जना कामदारसहित गाडी आयो, सुन्तला टिपेर लोड गरेर पठायौँ, ग्राहक खोज्नुपर्ने झन्झट भएन ।” कम्पनीसँग सम्झौता गरेर काम गर्दा अझै विश्वासिलो आधार भएकाले आफ्नोसहित अन्य छिमेकीहरूको पनि सुन्तला टिपेर पठाइएको उहाँले बताउनुभयो । किसान लामिछानेले यस वर्ष ६० क्विन्टल सुन्तला प्रतिकेजी रु ६५ का दरले बिक्री गरिसक्नुभएको छ । “दुई पक्षबीच भएको सम्झौताबमोजिम आफ्नोमात्रै अहिलेसम्म ६० क्विन्टल सुन्तला काठमाडौँ पठाइसकेको छु”, उहाँले भन्नुभयो, “अब तीन-चार क्विन्टल सुन्तला टिप्नै बाँकी छ त्यो पनि पठाउने तयारी भइरहेको छ ।” यस वर्ष बिक्री भएको सुन्तलाबाट रु तीन लाख ९० हजार आम्दानी भइसकेको र अब रु २५-३० हजारको सुन्तला बिक्री हुन बाँकी रहेको उहाँले बताउनुभयो ।

गत वर्ष पनि सुन्तला बिक्रीबाट रु तीन लाख २५ हजार आम्दानी गर्नुभएका लामिछानेले यस वर्ष रु चार लाखभन्दा बढी आम्दानी गर्नुभएको हो । दश वर्ष पहिला व्यावसायिकरुपमा सुन्तलाखेती थाल्नुभएका लामिछानेको बगैँचामा हाल पाँच सय ५० बोट सुन्तला छन् । ती बोटमध्ये हाल तीन सय ५० बोटले फल दिन्छन् भने अरु बोट सानै छन् । विगत पाँच वर्षदेखि सुन्तला बिक्री गरी आम्दानी लिन थाल्नुभएको हो ।

“तेह्र रोपनी क्षेत्रफलमा सुन्तला बगैँचा फैलिएको छ”, उहाँले भन्नुभयो, “सबै बोटले उत्पादन दिँदा आम्दानी झण्डै दोब्बरले वृद्धि हुन्छ ।” गत वर्ष पनि काठमाडौँकै एक कम्पनीसित सुन्तला खरिद बिक्रीको सम्झौता भएर बिक्री गरेको उहाँले बताउनुभयो । लामिछानेले जस्तै जिल्लाकाअधिकांशव्यावसायिकरुपमा सुन्तला उत्पादन गर्ने कृषकले व्यापारीसित सम्झौता गरेर बजारीकरण गर्दै आएका छन् ।

स्वादका दृष्टिले छुट्टै पहिचान बनाएको स्याङ्जाको सुन्तला काठमाडौँ, पोखरा, नारायणगढ, बुटवललगायतका ठूला सहरका व्यापारी तथा कम्पनीले बगैँचाबाटै खरिद गर्ने गरेका छन् । व्यापारीले बगैँचाबाटै सुन्तला खरिद गरिदिने भएकाले पनि जिल्लामा उत्पादित सुन्तलाको बजारीकरणमा समस्या नभएको हो ।

# जलविद्युत् आयोजना सम्पन्न गर्न सहजीकरण समिति गठन

**पोखरापत्र संवाददाता**
मनाङ ४ पुस

निर्माणाधीन मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजना समयमा निर्माण सम्पन्न गर्न १७ सदस्यीय सहजीकरण समिति गठन गरिएको छ।

प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङको समन्वय र प्रमुख जिल्ला अधिकारी मातृका आचार्यको संयोजकत्वमा आयोजित भेलाले प्रदेशसभा सदस्य मुनिन्द्रजङ्ग गुरुङको नेतृत्वमा १७ सदस्यीय समिति गठन गरिएको हो । भेलामा बोल्दै सांसद गुरुङले भन्नुभयो, “मनाङ प्राकृतिक सम्पदाको भण्डार हो, यहा‘ जलविद्युत् बाहेक शिक्षा, स्वास्थ्य, पर्यटन र कृषिको पनि प्रचुर सम्भावना छ, जलविद्युत् आयोजनाले यसमा सहयोग पुग्नेछ ।” एक सय ३५ मेगावाटको आयोजना निर्माण बिना अवरोध सम्पन्न गर्नु जिल्लावासीको कर्तव्य भएको उहाँले बताउनुभयो । यस आयोजनाले मनाङवासीका लागि कोभिड- १९ को बेला र बाढीपहिरोको समयमा सहयोग गरेको र हालै मात्र बैंसीसहर-चामे सडकको स्तारोन्नति गरिरहेको जनाएको छ। आयोजना निर्माणसँगै निर्माण पक्षले लमजुङको खुदीदेखि कोतोसम्म ५० किलोमिटर सडक स्तरोन्नति र साँघुरो स्थानहरुमा विस्तार सुरु गरेको छ । सहजीकरण समितिमा नार्सौं र चामे गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, प्रभावित वडाका वडाध्यक्ष, मनाङ मर्स्याङ्दी जलविद्युत् कम्पनीका पाँच प्रतिनिधि, जिल्ला समन्वय समितिका महिला सदस्य, जिल्लास्थित सुरक्षा निकायका प्रमुख सदस्य छन् ।

# घान्द्रुकमा स्कारपियो दुर्घटना हुँदा १ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
कास्की ४ पुस

कास्कीको घान्द्रुकमा स्कारपियो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने ४ जना घाइते हुनु भएको छ।

विहिबार दिउँसो करिब १:४५ बजे पोखराबाट घान्द्रुक जार्दै गरेको ग १ ज ६८२१ नम्बरको स्कारपियो भिरमा खस्न पुग्दा एक जनाको मृत्यु भएको छ भने ४ जना यात्रु घाइते हुनु भएको कास्की प्रहरीले जनाएको छ । उक्त दुर्घटनामा परी मुस्ताङ थासाङ गा.पा.१ टुकुचे बस्ने ७० बर्षकी भिम कुमारी थकालीको मृत्यु भएको स्थानियले बताउनु भयो ।

त्यसै गरी घान्द्रुकको बिकासे डाँडाबाट चालकले अगाडीको बाटो हेर्न जाने क्रममा अचानक उक्त स्कारपियो भिरमा बस्न पुग्दा करिब ६ सय मिटर तलको भिरमा पुगेको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी डिएसपी वशन्त कुमार शर्माले बताए । स्कारपियो भिरमा खस्न पुग्दा स्कारपियोमा सवार ६ मध्य ५ जना घाइते हुनु भएको अन्नपूर्ण गाउँपालिका वडा नम्बर १० का वडा अध्यक्ष गौतम गुरूङले बताए ।

उक्त दुर्घटनामा परी पोखरा १६ दिप बस्ने २० बर्षकी रिहाना थकाली, मुस्ताङ थासाङ गाउपालिका वडा नं. १ टुकुचे बस्ने ३१ बर्षकी ज्योती खत्री थकाली, बाग्लुङ गलकोट नगरपालिका वडा नं.१ झाँक्रीस्थान बस्ने ७६ बर्षकी खिम कुमारी खत्री र बाग्लुङ झाँक्रीस्थानकी करिब ५२ बर्षकी नविना खत्री घाइते भएका छन् । उनीहरुलाई हेलिकोप्टर मार्फत पोखराको मणिपाल शिक्षण अस्पतालमा ल्याई उपचार गरिदैछ । सवारी चालक स्याङ्जा भिरकोट न.पा.२ डाँडाकोट बस्ने ४३ बर्षका गोबिन्द श्रेष्ठलाई प्रहरीले आफ्नो नियन्त्रणमा लिएको छ । स्कारपियोमा सवार बाग्लुङ गलकोट न.पा.१ झाँक्रीस्थान बस्ने ४० बर्षकी अनिता खत्री सकुसल छिन् । स्थानियको साथमा प्रहरी चौकी घान्द्रुक, प्रहरी चौकी बिरेठाँटी र वडा प्रहरी कार्यालय बगर कास्कीको टोलीले घाइतेहरुको यात्रुहरुको उद्धार गरेका थिए ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# अन्तर व्यवस्थापिका मञ्चको घोषणापत्र

अन्तर व्यवस्थापिका मञ्चको पोखरामा सम्पन्न दशौं सम्मेलनले सात बुँदे घोषणापत्र जारी गर्दै विगतका सम्मेलनका प्रतिबद्धता एवं घोषणा कार्यान्वयन गर्दै जाने प्रतिबद्धता जनाएको छापुस १ गतेदेखि ३ गतेसम्म पोखरामा सम्पन्न सम्मेलनले संघीयता कार्यान्वयन हुने कानुन निर्माणमा जोड दिएको छ। संविधान संघीयताको आधारमा निर्माण भएको हुँदा संघीयतालाई कार्यान्वयनका लागि सबैलाई समेट्नु पर्ने अवस्था नाउनुपर्छीसंघले बनाउनुपर्ने कानुन नबनाएको साझा धारणामाथि मञ्चको बैठकले, “संघीयता एवम् संविधान कार्यान्वयनलाई तीव्रता दिन संघ, प्रदेश र स्थानीय तहको साझा सूचीअन्तर्गत निर्माण गरिने कानुनका विषयमा तीन तहकै परस्पर सम्बन्ध विकास गर्ने र नबनेका कानुनको अध्ययन र पहिचान गरी संघीय संसद्बाट कानुन निर्माण गर्न पहल गर्ने प्रतिबद्धता” जनाएको छ।

यसबाहेक सरकारले सभामा पेस गर्ने नीति तथा कार्यक्रम, सिद्धान्त र प्राथमिकता, पूर्वबजेट छलफल एवम् संसद्बाट अनुमोदित बजेट, बजेटको खर्च समेतका सम्बन्धमा अध्ययन विश्लेषण गरी संसदीय बजेट कार्यालयसम्बन्धी स्थापनाको पहल उनीहरुले गरेका छन्। यसका लागि अध्ययन गरी स्थापना गर्ने कार्यका लागि सरकार संग परामर्श गरी संघ र प्रदेश सभासँग सम्बन्धित ऐन तथा नियममा कानुनी प्रबन्ध गर्ने, यसको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने निर्णय भएको छ।

संसदीय अध्ययन, अनुसन्धान एवम् प्रशिक्षण कार्यलाई व्यवस्थित गर्न संसदीय अनुसन्धान तथा प्रशिक्षण केन्द्र स्थापना गर्न पहल गरी जनप्रतिनिधि र कर्मचारीलाई निरन्तर प्रशिक्षणको व्यवस्थापन गर्ने, यसलाई विधायिकी प्रतिष्ठानको रूपमा विकास गर्न पहल गर्ने निर्णय सम्मेलनले गरेको छ। संघ र प्रदेशसभामा संसदीय गतिविधिहरूको प्रसारण गर्न संसद्को आफ्नै च्यानल सञ्चालन गर्न पहल गर्ने, संसदीय खुल्लापनलाई प्रवर्द्धन गर्दै संसदीय गतिविधिलाई जनस्तरसम्म पुऱ्याउन आवश्यक संयन्त्रको विकास गर्ने र संसद् सदस्यहरूको नीतिगत बहसको डिजिटल प्लेटफर्म नीति प्रयोगशालाको सञ्चालन गर्नेसहित सातबुँदे घोषणापत्र सम्मेलनले जारी गरेको छ।

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, प्रतिनिधिसभा उपसभामुख, राष्ट्रियसभा उपाध्यक्ष, सातै प्रदेशका सभामुख, उपसभामुख र संसद् सचिवहरूको उपस्थितिमा सम्मेलन भएको छ। संसदीय समितिहरूको कामलाई प्रभावकारी बनाउन समन्वय सहजीकरण गर्न प्रदेश र प्रतिनिधिसभाको नियमावलीमा उपसभामुखहरूको भूमिका स्पष्ट गर्न पहल गर्ने घोषणा पनि पोखराबाट गरिएको छ। मञ्चको ११औं सम्मेलन सुदूरपश्चिम प्रदेशसभाले व्यवस्थापन गर्ने निर्णय गरिएको छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# म्याग्दीको दोसल्ले गाउँबाट एक करोड ५० लाख बढीको सुन्तला बिक्री

**कमल खत्री**
म्याग्दी, ४ पुस/रासस

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेका प्रेम पाइजाले यस वर्ष रु सात लाख ५० हजार बराबरको सुन्तला बिक्री गर्नुभएको छ। तीन सय ५० बोट सुन्तला लगाउनुभएका उहाँले गत वर्ष रु दुई लाख ५० हजारको मात्रै सुन्तला बिक्री गर्नुभएको थियो। सुन्तला उत्पादन वृद्धि भएसँगै सुन्तलाबाट आम्दानी बढेको उहाँले बताउनुभयो।

दोसल्लेमा विगत करिब १३ वर्षदेखि सुन्तलाखेती हुन थालेको थियो। सुन्तलाबाट मनग्य नगद आम्दानी हुन थालेपछि यहाँका किसानहरू परम्परागत अन्नबाली लगाउन छाडेर सुन्तलाखेती विस्तारमा जुटेका छन्। सुन्तलाखेतीलाई विस्तार र व्यावसायिक बनाउन दोसल्ले व्यावसायिक सुन्तला जात कृषक समूह गठन गरेर यहाँका स्थानीय सुन्तलाखेतीमा लागेका छन्। समूहका अध्यक्षसमेत रहनुभएका पाइजाले गत वर्ष गाउँबाट रु ८० लाखको सुन्तला निकासी भएकोमा यस वर्ष रु एक करोड ५० लाख बढीमा व्यवसायीले बोटबाटै सुन्तला ठेक्का लिएको जानकारी दिनुभयो। “यस वर्ष सुन्तलाको उत्पादन अति नै राम्रो छ, अधिकांश किसानको सुन्तला बोटबोटै बिक्री भएको छ, व्यवसायीले पेस्की रकम किसानलाई उपलब्ध गराइसकेका छन्”, पाइजाले भन्नुभयो। दोसल्ले गाउँमा करिब १० हजार सुन्तलाका बोट छन्। दोसल्ले गाउँमा मात्रै होइन, जिल्लाभरमै सुन्तलाको उत्पादन बढेको छ भने किसानले मूल्य विगतको तुलनामा राम्रो पाएका छन्। सुन्तला बोटमा पहेँलपुर बनेर पाकेसँगै व्यवसायी बगैँचामै पुगेर सुन्तला खरिद गर्न थालेका छन्। अनुकूल मौसम, बगैँचाको राम्रो गोडमेल र व्यवस्थापनको कारण सुन्तलाको उत्पादन बढेको कृषि प्राविधिकहरूको भनाइ छ।

बेनी नगरपालिका-३ राखुका किसान डेकबहादुर घर्तीले गाउँबाट गत वर्ष रु एक करोडको सुन्तला बिक्री भएकोमा यस वर्ष रु एक करोड ६० लाख बढी आम्दानी हुने अनुमान गरिएको बताउनुभयो। “सुन्तला टिप्न व्यवसायी बगैँचामा आइसकेका छन्, उत्पादन राम्रो छ, गत वर्षको तुलनामा दोब्बरजस्तै फल लागेको छ, उत्पादन भएको सुन्तलाको बजारको अभाव छैन”, उहाँले भन्नुभयो। उहाँका अनुसार ६२ घरधुरीको बसोबास रहेको राखुका सबैले सुन्तलाखेतीलाई व्यावसायिक बनाएका छन्।

यहाँका अगुवा किसान रामबहादुर घर्तीले रु सात लाख ५० हजार, जीतबहादुर आलेले रु सात लाखमा आफ्नो बगैँचाको सुन्तला ठेक्कामा बिक्री गरिसक्नुभएको छ। जिल्लाको राखु, मरेक, बास्कुना, सुर्केमेला, बरङ्जा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना, नारच्याङलगायतका क्षेत्रमा यस वर्ष सुन्तलाको उत्पादन बढेको छ। बेनी-४ बास्कुना गाउँमा मात्रै यस वर्ष सुन्तला बिक्रीबाट रु एक करोड भित्रिएको छ। यहाँका १६ घरधुरीले व्यावसायिक सुन्तलाखेती गर्दै आएका छन्। अगुवा किसान रहनुभएका वडासदस्य सन्दीप खत्रीले गत वर्ष बास्कुनाबाट रु ८० लाखको सुन्तला बिक्री भएकोमा यस वर्ष उत्पादन बढेको कारण किसानको आम्दानी बढेको बताउनुभयो। जिल्लामा उत्पादन भएको सुन्तला जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौँ, पोखरा, बुटवल, भैरहवा, नारायणगढलगायतका बजारमा निकासी हुने थालेको छ। गत वर्षको तुलनामा डेढ गुणाले सुन्तलाको उत्पादन बढेको अनुमान गरिएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ। जिल्लामा यस वर्ष सुन्तला उत्पादन बढेको र क्रप कटिङ विधिबाट सुन्तला उत्पादनको अवस्था अध्ययन गरी विवरण सङ्कलन भइरहेको केन्द्रका प्रमुख सञ्जीव बास्तोलाले जानकारी दिनुभयो। म्याग्दीमा आठ सय १० हेक्टर जमिनमा सुन्तलाखेती हुँदै आएकोमा चार सय २० हेक्टर जमिनको सुन्तलाका बोटले मात्रै फल दिने गर्छ। गत वर्ष जिल्लाबाट तीन हजार छ सय मेट्रिक टन सुन्तला उत्पादन भएको थियो।

# प्रतीक्षा घर सञ्चालनमा आएपछि गर्भवतीलाई सहज

**रासस**
बागलुङ, ४ पुस




निसीखोला गाउँपालिका-३ को बोहोरा गाउँमा गर्भवती र सुसारेलाई लक्षित गरी प्रतीक्षा घर सञ्चालनमा आएको छ। बोहोरागाउँ स्वास्थ्यचौकी भवनसँगै सञ्चालनमा ल्याइएको प्रतीक्षा घरमा टाढाबाट आउने गर्भवती र सुसारे लाभान्वित भइरहेका छन्।

गर्भवती सुत्केरी हुनुपूर्व अनिवार्य रूपमा कम्तीमा आठ पटक गर्भ परीक्षण गराउनुपर्ने र स्वास्थ्य संस्थामा गएर सुत्केरी हुनुपर्ने प्रावधान भएकाले टाढाबाट आउने सेवाग्राहीको सहजताका लागि प्रतीक्षा घर सञ्चालनमा ल्याइएको स्वास्थ्यचौकीकी अनमी ताराकुमारी चन्दले बताउनुभयो। “टाढाबाट आउनेहरू यसअघि आफन्त वा होटलमा बस्ने गर्दथे। प्रतीक्षा घर सञ्चालनमा आएपछि गर्भ परीक्षण गराउन, सुत्केरी हुन आउनेहरूलाई खाने, बस्ने समस्या छैन”, उहाँले भन्नुभयो। उक्त प्रसूति प्रतीक्षा घरमा एकपटक चार जनासम्म बस्न मिल्ने शय्यासहित अन्य सामग्रीको व्यवस्थापन गरिएको अनमी चन्दले जानकारी दिनुभयो। उहाँका अनुसार यो घरमा खाना पकाउने सामग्री, ग्यासको चुल्हो, स्वच्छ खानेपानीका साथै बाहिर विभिन्न सन्देशमूलक सामग्री लेखिएका छन्। गत वर्ष एक सय सात जनाले सेवा लिएका बताउँदै चालु आवको पाँच महिनामा ५२ जनाले सेवा लिइसकेका चन्दले जानकारी दिनुभयो। “सुत्केरी हुने एक/दुई दिनअघि यहाँ आएर बस्दा जोखिम कम हुने भएकाले गर्भवतीलाई सोहीअनुसार सुझाव दिँदै आएका छौँ”, उहाँले भन्नुभयो। सदरमुकामबाट एक सय २० किमी पश्चिममा पर्ने दुर्गम गाउँ भएकाले गर्भवती र सुरारेको सहजताका साथै स्वास्थ्य संस्थामा सुत्केरी हुन प्रोत्साहन गर्ने उद्देश्यले प्रतीक्षा घर सञ्चालनमा ल्याइएको स्थानीय सिनियर अनमी तिला मल्लले बताउनुभयो। प्रसूति व्यथाले च्यापेपछि मात्रै स्वास्थ्य संस्था धाउनुपर्ने समस्या अन्त्य गर्न, प्रसूतिको अवस्थामा आउने जोखिम कम गर्न, आमा र शिशुलाई स्वस्थ राख्न यो भवन उपयोगी बन्दै गएको उहाँले उल्लेख गर्नुभयो। केही समस्या देखिएमा तत्काल सुविधा सम्पन्न अस्पताल पठाउन पाइने भएकाले गर्भवती र सुसारेलाई एक/दुई दिनअगावै प्रतक्षिा घरमा आएर बस्न आग्रह गर्दै आइएको स्वास्थ्यचौकीका प्रमुख टोपबहादुर चन्दले बताउनुभयो। “नियमित गर्भ परीक्षण गर्नेहरूमा पनि प्रसूतिको समयमा जोखिम आउनसक्ने भएकाले एक/दुई दिनअघि यहाँ आएर बस्न स्वास्थ्यकर्मीमार्फत सुझाव दिन थालेका छौँ”, उहाँले भन्नुभयो। सिनियर अनमी मल्लले यहाँ आउने अधिकांश महिलाको स्वास्थ्य अवस्था जोखिम हुने बताउँदै ती महिलाको स्वास्थ्य जोखिम कम गराउन र समयमा उपचार उपलब्ध गराउन प्रतीक्षा घर प्रभावकारी माध्यम बन्दै गएको उल्लेख गर्नुभयो।

“जतिसुकै स्वस्थ भए पनि प्रसूति अवस्थालाई सामान्य मान्न हुँदैन। गर्भवती र सुत्केरी अवस्थामा जुनसुकै बेला पनि जोखिम आउन सक्छ। यसतर्फ सबै सचेत भई स्वास्थ्य प्रोटोकलअनुसार नियमित गर्भ परीक्षण गर्नु र समयमा स्वास्थ्य संस्थामा पुगेर सुत्केरी हुनु प्रभावकारी उपाय हो”, उहाँले भन्नुभयो। यो स्वास्थ्यचौकीमा आइपुग्न वडाभित्रबाट तीनदेखि चार घण्टासम्म पैदल हिँड्नुपर्ने अवस्था छ। “गत वर्ष समयमा स्वास्थ्य संस्थामा आउन नसकेकी एक जनाले प्रसूतिका क्रममा ज्यान गुमाउनुभयो। उहाँको समस्या देखेपछि स्थानीय महिला स्वास्थ्य स्वयंसेविकाले नियमित गर्भ जाँच गर्न र प्रसूति गराउन अनिवार्य रूपमा एक/दुई दिनअघि स्वास्थ्य संस्थामा रहेको प्रतीक्षा घरमा आएर बस्न सुझाव दिँदै आएका छन्”, स्वास्थ्यचौकीका प्रमुख चन्दले भन्नुभयो। निसीखोला गाउँपालिकाको रु तीन लाख आर्थिक सहयोग तथा फेयरमेड फाउण्डेसन र विवाइसी बागलुङले सञ्चालन गरेको ग्रामीण स्वास्थ्य सुधार परियोजनाको रु दुई लाख ५० हजार लगानीमा उक्त प्रतीक्षा घर निर्माण गरी सञ्चालनमा ल्याइएको हो। चारवर्ष अघि निर्मित यो घरमा सुरुमा कोही नआए पनि पछिल्लो समय अधिकांश गर्भवती आउन थालेका स्वास्थ्यचौकीका प्रमुख चन्दले बताउनुभयो। पछिल्लो समय बडिगाड गाउँपालिका-२ को खरवाङ, हटिया स्वास्थ्यचौकी भवनमा एउटा कोठा छुट्टाएर प्रतीक्षा घर बनाइएको छ। अधिकांश स्वास्थ्य संस्थामा यो प्रयास सुरु भएको बताउँदै आगामी दिनमा प्रत्येक स्वास्थ्यचौकीमा प्रतिक्षा घर अनिवार्य गर्ने तयारी भइरहेको जिल्ला स्वास्थ्य कार्यालयकी जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माले जानकारी दिनुभयो।

# तान्चोकको कान्छी बराह मन्दिर प्रवर्द्धनको लागि हाइकिङ



**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ७ मा रहेका धार्मिक ऐतिहासिक कान्छी बराह मन्दिरको प्रवर्द्धनको लागि हाइकिङ कार्यक्रमको आयोजना गरिएको छ।

गण्डकी प्रदेश निति तथा योजना आयोगका सदस्य दिपक भण्डारीको विशेष उपस्थिति रहेको उक्त हाइकिङमा पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसारमा हाइकर्स क्लबले उदाहरणिय कार्य गरेको वताउँदै समय मिलेसम्म आफु सहभागी हुने वताए। साथै उनले हाइकिङ कार्यक्रमलाई सहयोग पुग्ने गरी राज्यले निति ल्याउनु पर्ने वताउँदै आफुले निति तथा कार्यक्रम निर्माण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए।

पितम देउराली आमा समुहले हाइकिङमा सहभागिलाई फुलको गुच्छाले स्वागत गर्दै स्थानिय कला सस्कृति प्रस्तुत गरी साँस्कृतिक कार्यक्रम देखाएका थिए। हाइकर्स टोली लाई स्थानिय समाजसेवी तथा कृषि फर्म संचालक कमल गुरुङले कान्छी वराहदेखि पितम देउरालीसम्म साथ दिएका थिए।

उक्त स्थानमा व्यवसाय गरेकी डबल फरेष्ट रेष्टुरेष्ट तथा लजकी संचालिका सन्जु आचार्य पौडेलले पर्यटन प्रवर्द्धनको उद्धेश्य वोकेर आएको हाइकिङको समुहलाई खानामा विषेश छुट दिएकी थिइन भन पितम देउरालीमा खानेपानी २० किमी टाडाबाट ल्याएको कारण रिर्जव टंकी निर्माण गर्न, पैदल यात्रीलाई १२ महिना हिड्न सहज हुने सिंडी बाटो निर्माण गर्न तथा हाइकिङ तथा ट्रेकिङमा आउने पर्यटकको लागि फोहर फ्याक्ने डस्विन ठाउँठाउँमा राख्न स्थानिय सरकारसंग माग गरेकी छन्। सो अवसरमा पोखरा १७ को पुल्चोक क्लबका अध्यक्ष सुरज खवास, क्लबकी सल्लाहकार जुना गुरुङ, अभिवक्ता राजेन्द्र वस्याल, पत्रकारहरु नविन क्षेत्री र सुरज वरायली, समाजसेवी सितला थापा, वसन्त वञ्जरा, पुर्व प्रनि पुष्पकमल श्रेष्ठ, व्यवसायी देवी गुरुङ, गृहणी शुशिला रानाभाट, सर्मिला रानाभाट, विद्यार्थी तपस्या रानाभाटलगायत ३५ जनाको सहभागिता रहेको थियो।

काठमाण्डौ घर भइ पोखरामा पर्यटन क्षेत्रमा कार्यरत पहिलो पटक हाइकिङमा सहभागि गायत्री खनालले हाइकिङको नारा जस्तै काम रहेका वताउँदै यो कार्यक्रम निरन्तर अगाडि वढाउन सुझाव दिएकी थिइन्। स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने मुल नाराका साथ हरेक महिनाको अन्तिम शनिबार पोखरा आसपासका पर्यटकीय गन्तव्यहरुलाई जोडेर हाइकिङ कार्यक्रम गर्दै आएको हाइकर्स क्लब नेपालले नियमित श्रृङ्खला अन्तरगत ५३ औं भागको हाइकिङ कान्छी बराहमा गरेको क्लबका अध्यक्ष कृष्ण रानाभाटले वताए।

# सञ्चारमन्त्री गुरुङद्वारा भवन उद्घाटन


**पोखरापत्र संवाददाता**
लमजुङ, ४ मंसिर

सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जिल्लाको क्व्होंलासोथार गाउँपालिकाको भवन उद्धाटन गर्नुभएको छ।

उक्त गाउँपालिकाको वडा नं २ मालिङमा निर्मित भवनको उहाँले बिहीबार उद्धाटन गर्नुभएको हो। गण्डकी प्रदेश सरकारले रु दुई करोड र गाउँपालिकाको दुई करोड गरी रु चार करोड १४ लाख १२ हजार नौ सय ३९ को लागतमा भवन निर्माण भएको गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङले बताउनुभयो।

भवनले दुई रोपनी चार आना जग्गा चर्चेको छ। नवनिर्मित भवनमा ३६ कोठा छन्।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ३ साविक थुमाकोडाँडा गा.वि.स. वडा नं. ०४ निवासी भारतीय भूपू सै. नं. 5238287 का राइफल मेन रुद्र बहादुर क्षेत्रीको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर विष्णु क्षेत्रीनी उल्लेख भएको र निजको भारतीय सैनिक अभिलेखमा विष्णु माया उल्लेख भए पनि एउटै भएको साथै विष्णु क्षेत्रीनीको नेपाली नागरिकता प्रमाणपत्रमा जन्म मिति वि.स.२०१३/०७/०२ ई.सं. १९५६/१०/१८ र पेन्सन अभिलेखमा जन्म मिति ई.सं. १९५२/०१/०२ भई फरक परेतापनि उल्लेखित फरक जन्म मिति भएको व्यक्ति फरक नभइ एउटै व्यक्ति भएको व्यहोरा कास्की जिल्ला प्रशासन कार्यालयको च.नं. ४२९४ मिति २०८१/०८/२७ को सिफारिस पत्रबाट सिफारिस गरिएको जानकारी गराईन्छ।

# म्याग्दीमा फलेको किवीले बजार पाएन

सन्तोष गौतम
म्याग्दी, ४ पुस/रासस

धौलागिरि गाउँपालिका–७ शिवाङको धौलागिरि कृषि तथा पशुपन्छी फार्मका सञ्चालक ओमराज मगर बगैँचामा लटरम्म किवी फलेको देखेर जति खुसी हुनुहुन्छ त्योभन्दा बढी दुःखी किवीले बजार नपाएर बन्नुभएको छ।

"सत्तरी बोटमा करिब तीन हजार किलोग्राम किवी फलेको छ", उहाँले भन्नुभयो "मङ्सिर महिनाभर करिब पाँच सय किलोग्राम मात्र किवी बिक्री भयो । पुस महिनामा नटिप्ने हो भने झरेर नष्ट हुन्छ । बजार नपाएर तनावमा परेको छु", गत वर्षको तुलनामा दोब्बर बढी किवी फले पनि बिक्री गर्न समस्या भएको मगरले बताउनुभयो । बजार अभाव र मूल्य नपाउने मगरको मात्र नभएर किवीखेती गरेका म्याग्दीका कृषकको साझा समस्या हो । धौलागिरिको शिवाङ, मराङ, मालिकाको दिव्याम, देवीस्थान, रुम, मङ्गलाको कुहुँ, बरङ्जा, किमचौर, हिदी, बेनी नगरपालिकाको भकिम्ली, घतान, रघुङ्गाको दरमिजा, पाखापानी,



चिमखोला, बेगखोला, अन्नपूर्णको नागी, राम्चे, हिस्तानमा ५० भन्दा बढी किवी बगैँचा रहेका कृषि ज्ञान केन्द्रले जनाएको छ । सानो बजार र उत्पादन धेरै भएपछि किवी बिक्री गर्न समस्या भएको बेनी नगरपालिका–३ भकिम्लीका कृषक लालबहादुर पुनले बताउनुभयो । "यहाँका उपभोक्ताहरूको किवीमा अझै बानी परिसकेको छैन", उहाँले भन्नुभयो, "पोखरा, काठमाडौँ लैजाँदा अन्य ठाउँको किवीसँग प्रतिस्पर्धा गरेर मूल्य पाईँदैन ।" करिब दुई हजार किलोग्राम किवी फलाएका पुनले बागलुङका फलफूल व्यापारीलाई प्रतिकिलोग्राम रु एक सय ८० का दरले एक हजार पाँच सय किलोग्राम बिक्री गरिसकेको बताउनुभयो । भकिम्लीका अन्य कृषकले भने बजार नपाउँदा किवी टिपेका छैनन् । मङसिर र पुस महिना किवी टिप्ने याम हो । पुससम्म नटिपे किवी बोटमै पाकेर झर्ने, चराचुरुङ्गीको आहारामा सीमित हुने चिन्ता कृषकको छ । कोदो, मकै र गहुँ बाली दुम्सीले नष्ट गर्न थालेपछि बाँझिएको खेतबारीमा कृषकले किवीखेती गरेका थिए । कृषि ज्ञान केन्द्रको अभिलेखअनुसार म्याग्दीको ११ हेक्टर क्षेत्रफलमा भएको किवीखेतीबाट गत आर्थिक वर्ष २०८०/०८१ मा ४४ मेट्रिक टन उत्पादन भएको थियो । केन्द्रका प्रमुख सञ्जिव बास्तोलाले यस वर्ष मौसम अनुकूल भएको, रोगकिराको समस्या नदेखिएको र फूल खेल्ने समयमा असिना नपरेकाले किवी उत्पादन बढेको बताउनुभयो । धेरै दाना लागेका कारण आकार सानो हुँदा बजार नपाउने समस्या देखिएको बास्तोलाले बताउनुभयो । "असी ग्रामसम्म तौल भएको किवीलाई गुणस्तरीय मानिन्छ । उपभोक्ताले किवीको ठूला दाना खोज्छन्", उहाँले भन्नुभयो, "बोटमा धेरै दाना लागेकाले आकार सानो हुँदा कृषकलाई बिक्री गर्न समस्या भएको हो।" किवीको दानाको आकार ठूलो बनाउन बटिलामै पतलाउने, बगैँचा व्यवस्थापन, मल र पानी पर्याप्त दिन कृषि ज्ञान केन्द्रका प्रमुख बास्तोलाले सुझाव दिनुभयो । उद्योग वाणिज्य सङ्घ र फलफूल व्यापारीसँग समन्वय गरेर किवीको बजारीकरणमा पहल गरेको उहाँले बताउनुभयो ।

बत्तीस वर्षअघि जापानबाट आएका स्वयम्सेवकले धौलागिरि क्षेत्रमै पहिलोपटक म्याग्दीको राम्चेमा किवी भित्र्याएका थिए । व्यवसायिक खेती भएको पछिल्लो एक दशकयता हो । म्याग्दीको मध्य पहाडी क्षेत्रको भूगोल र हावापानी किवी खेतीका लागि अनुकूल मानिन्छ । स्वादिलो र धेरै पौष्टिकतत्व पाइनु किवीको विशेषता हो । लगाएको तेस्रो वर्षबाट एउटा बोटमा ५० देखि ७० किलोग्रामसम्म फल लाग्ने गर्छ । समुद्री सतहदेखि एक हजार पाँच सयदेखि दुई हजार मिटरको उचाइमा किवीखेती गर्न सकिन्छ । भिटामिन सि लगायत पौष्टिकतत्व पाइने किवी चिनी रोगका बिरामीहरूका लागि लाभदायक मानिन्छ । पाचन प्रक्रियालाई सहयोग गर्ने किवीबाट जाम र वाइन बनाउन सकिन्छ । अमिलो र गुलियो स्वाद पाइने किवीलाई नेपालीमा ठेकी फलको रुपमा चिन्ने गरिएको छ।

किवी चिनमा विकास भएको फलफूल हो । न्युजील्याडले किवीलाई प्रमुख फलफूल बालीको मान्यता दिएको छ । सोयु, ब्रुनो, हेवार्ड, आलीसान, टोमरी, मन्टी जातको किवीको बिरुवाको मूल्य सरकारी दररेट अनुसार प्रतिगोटा रु एक सय छ । निजी नर्सरीबाट रु तीन सयसम्ममा बिक्री हुन्छ ।

कृषि ज्ञान केन्द्र र स्थानीय तहहरूले म्याग्दीका कृषकलाई किवीखेतीसम्बन्धी तालिम र बिरुवा वितरण गर्दै आएका छन् । अन्य फलफूलभन्दा छिटो र खाद्यबालीको तुलनामा खेती गर्न सजिलो किवीबाट एकै रोपनीमा रु चार लाखसम्म आम्दानी गर्न सकिने कृषकको अनुभव छ । सजिलो र कलामी बिरुवा रोपेको दुई वर्षमै आम्दानी लिन सकिने बेनी नगरपालिका–९ तोरीपानीका सागर बानियाले बताउनुभयो । प्रतिआठ पोथी बिरुवा बराबर एक वटा भाले किवीका बिरुवा लगाउनुपर्छ । लहरा भएर फैलिने किवी एक रोपनीमा १५ वटा सम्म किवीका बिरुवा लगाउन सकिन्छ । फूल खेल्ने बेलामा असिनाबाट जोगाउनु किवी खेतीको मुख्य चुनौती हो ।

# प्रदीप मेमोरीयल बास्केटल क्वाटरफाइल र सेमिफाइनल समिकरण पुरा

पोखरापत्र संवाददाता
पोखरा ४ पुस



कास्कीको अन्नपूर्ण गाउँपालिका ११ छोम्रोङका स्वर्गीय प्रदीप गुरुङको स्मृतिमा आयोजित पहिलो संस्करणको खुल्ला पुरुष तथा महिला बास्केटबल प्रतियोगितामा पुरुषतर्फ क्वाटरफाइनलको समिकरण पुरा भएको छ।

पोखरा महागनरपालिका–१० रामघाटस्थित पुन समाजको बास्केटबल कोर्टमा आज भएको पहिलो खेलमा रामघाट टिम ए'ले लामाचौर स्पोर्टसलाई ५५–२६ ले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गर्यो । यस्तै दोस्रो खेलमा ताडतिङ्ले गलेश्वरलाई ४३–२८ ले पराजित गऱ्यो ।

तेस्रो खेलमा अन्नपूर्ण म्याग्दीले टिम एएमआइसिआईलाई ३८–३२ ले हराउँदै अन्तिम आठमा प्रवेश गरेको कार्यक्रम संयोजक राजकुमार गुरुङले जानकारी दिए । यस्तै महिलातर्फको पहिलो खेलमा अन्नपूर्ण कास्कीले मर्दीखोलालाई ३५–१२ ले पराजित गऱ्यो । दोस्रो खेलमा ताडतिङले टिम पिएनसीलाई ६३–१७ ले पराजित गऱ्यो । पुरुषतर्फको क्वाटरफाइनल खेल र महिलातर्फको सेमिफाइनल खेल शुक्रबार सञ्चालन हुनेछ ।

कार्यक्रम संयोजक गुरुङका अनुसार खुला पुरुषतर्फ १७ टिम र महिलातर्फ ६ टिमको सहभागिता रहेको छ । गुरुङले पुरुषतर्फको विजेता टोलीलाई नगद रु ८० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने जानकारी दिए । यस्तै उपविजता बन्ने टोलीले नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । महिलातर्फको विजेतालाई नगद रु २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ। भने, उपविजेता टोलाई नगद रु १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने उनले बताए।

संयोजक गुरुङका अनुसार पुरुष तथा महिला दुवै प्रतियोगितामा विधागत तर्फ उत्कृष्ठ खेलाडी (एमभिपी), उत्कृष्ट डिफेन्सिभ खेलाडी, उदीयमान खेलाडी र उत्कृष्ट अफेन्सिभ खेलाडीलाई आकर्षक पुरस्कारको व्यवस्थासमेत गरिएको आयोजकले जनाएको छ।

# पोखरा महोत्सवको सह प्रायोजकमा बन्दीपुर केबुलकार

पोखरापत्र संवाददाता
पोखरा ४ पुस

१३ औं संस्करणको पोखरा महोत्सवको सह प्रायोजकमा रहेर बन्दीपुर केबुलकारले सहकार्य गर्ने भएको छ।

आगामी पुषको २५ देखि माघको ७ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने तेह्रौं संस्करणको पोखरा महोत्सवमा बन्दीपुर केबुलकारले सह प्रायोजकमा रहेर साथ दिने भएको हो । महोत्सव आयोजक युनाइटेड क्लब पोखराका पदाधिकारी र बन्दीपुर केबुलकार एण्ड टुरिजम लिमिटेड बीच पोखरा महोत्सव सफल बनाउन सहकार्य गर्ने गरी सहमति भएको छ। सम्झौता पत्रमा हस्ताक्षर गर्दै बन्दीपुर केबुलकार एण्ड टुरिजम लिमिटेडका भाइस प्रेसिडेन्ट किरण पोखरेलले पर्यटकीय गन्तव्य बन्दीपुरमा सञ्चालनमा आएको बन्दीपुर केबुलकार एण्ड टुरिजम लिमिटेडले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक कार्यमा अग्रणी पोखराको युनाईटेड क्लबले आयोजना गर्ने पोखरा महोत्सवमा सहकार्य गरी सामाजिक रुपमा जोडिन पाउदा खुसी लागेको बताए । महोत्सवमा सहकार्य मात्र नभइ व्यवसायीक प्रवर्द्धनमा समेत टेवा पुग्ने बताउदै पोखरेलले पोखरा महोत्सवमा आउने दर्शकले टिकटको आधारमा बन्दीपुर केबुलकारमा विशेष छुट पाउने समेत बताए । पोखरेलका अनुसार पोखरा महोत्सवको टिकटको अर्धकट्टी लिएर केबुलकार चढ्न जाने कुनैपनि ब्यक्तिले बन्दीपुर केबुलकारमा २५ प्रतिशत छुट र सोही स्थानमा सञ्चालित ड्राइभईन रेष्टुरेण्टमा १५ प्रतिशत छुट पाउनेछन । बन्दीपुर केबुलकारको टिकट प्रति ब्यक्ति पाँच सय रहेको र उक्त रकममा २५ प्रतिशत छुट हुनुका साथै स्काई साइक्लीङ र जीपलाइनमा समेत २५ प्रतिशत छुट दिने पोखरेलले बताउदै आगामी दिनमा समेत युनाईटेड क्लब संग सहकार्य गर्दै पोखरा महोत्सवको प्रायोजकलाई निरन्तरता दिने प्रतिवद्धता ब्यक्त गरे । उक्त सम्झौता हस्ताक्षर कार्यक्रममा वोल्दै क्लबका अध्यक्ष लोक बहादुर थापाले जनस्तरबाट निर्माण सम्पन्न भइ सञ्चालनमा आएको बन्दीपुर केबुलकार लिमिटेड संग सहकार्य गरी अगाडी वढ्न पाउदा खुसी ब्यक्त गरे ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्था व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८१/०९ /०५

कास्की जिल्ला मौजे कालावाड १/२२ का जि.मु. नीरवीर गुरुको १९९१ पाखोतर्फ उतार बमोजिम मोठ नं.२ द.नं. २ मा धन बहादुर गुरुङ्गको नाउँमा साविकको २०३३ सालसम्मको तिरो तिरेको, भू.सु.७ नं. फाराममा लगत दिएको सर्भे नापीमा कास्की जिल्ला भुम्दी -३ को कि.नं. १७८ क्षे.फ. २-०-२-१ को जग्गा फिल्डबुकमा कमर बहादुर गुरुङ्गकी नाउँमा कायम भएको जग्गा कमर बहादुर गुरुङ्गको मिति २०३५/१०/११ मृत्यु भएको निजको एकमात्र श्रीमती नन्द सिरी गुरुङ्गको मिति २०३०।०३।१० मा मृत्यु भएको निज दम्पतिबाट एक छोरा राज कुमार गुरङ्गको जायजन्म भएको भनी पोखरा म.न.पा वडा नं. २२ को च.नं. ३०९६ मिति २०८०/०१/२३ को सिफारिसबाट खुली आएको हुँदा उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ बनी राज कुमार गुरुङ्गले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर बाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको नाम |
|---|---|---|---|---|---|---|---|
| कास्की | भुम्दी | ३ | १७८ | २-०-२-१ | खर | चाहार | कमर बहादुर गुरुङ |

ईति संवत २०८१ साल पौष ०५ गते रोज ६ शुभम् ।



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्था व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८१/०९ /०५

कास्की जिरीक्षण मौजे अर्धौ ७४ नं. का जि.मु. वामदेव जिम्मा साविक ९० सालको खेततर्फको मोठ लगत बमोजिम मोठ नं. ६३१६ मोही नं. १५३ कित्ता नं. ५६४ ईमनाथ पाध्या पौडेलको नाउँमा साविक मोठ दर्ता भएको २०३२ सालसम्मको तिरो लेखनाथ पौडेलले तिरेको भू.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा झाझरमारे ९ को कि.नं. १ क्षे.फ. ४-१५-२-१ को जग्गा फिल्डबुकमा लेखनाथ पौडेलका नाउँमा कायम भएको हाम्रा बाबा लेखनाथ पौडेलको २०६०।०७।१५ मा मृत्यु भएको र लेखनाथ पौडेलको एकमात्र श्रीमती ठूली पौडेल्नीको पनि मिति २०६७।०४।२१ मा मृत्यु भएको निज दम्पतिबाट दुई छोरा र एक छोरीको जायजन्म भएकोमा छोरीको विवाहदान भईसकेकोले उक्त जग्गाको हकदार हामी दुई भाई छोरा मात्र चन्द्र बहादुर पौडेल र नरेश पौडेल भएको र उक्त जग्गा हामीले नै भोगचलन गरिरहेको हुँदा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला पोखरा-२८ बस्ने चन्द्र बहादुर पौडेल र नरेश पौडेलले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको नाम |
|---|---|---|---|---|---|---|---|
| कास्की | झाझरमारे | ९ | १ | ४-१५-२-१ | खर | चाहार | लेखनाथ पौडल |

ईति संवत २०८१ साल पौष ०५ गते रोज ६ शुभम् ।


# देशका चार स्थानको तापक्रम माइनसमा

रासस
काठमाडौं, ४ मंसिर

मुलुकका विभिन्न चार स्थानको तापक्रम बिहीबार माइनसमा झरेको छ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले केही दिन अघिको तुलनामा बिहीबार न्यूनतम तापक्रम केही बढी भए पनि चार ठाउँको न्यूनतम तापक्रम भने माइनसमा रहेको जानकारी दिनुभयो । महाशाखाका अनुसार जुम्ला, जोमसोम, जिरी र लुक्लाको न्यूनतम तापक्रम माइनसमा छ । बिहीबार साँझ पौने ६ बजे अध्यावधिक गरिएको तापक्रम विवरणमा जुम्लाको न्यूनतम तापक्रम माइनस पाँच दशमलव पाँच डिग्री रहेको छ । यस्तै जोमसोमको माइनस दुई दशमलव पाँच, जिरीको माइनस शून्य दशमलव सात र लुक्लाको माइनस एक डिग्री रहेको छ । यसअघि मङ्सिर २९ गते जुम्लाको तापक्रम माइनस सात दशमलव दुई डिग्रीसम्म झरेको थियो । सोही दिन काठमाडौँमा न्यूनतम तापक्रम यस वर्षकै सबैभन्दा कम दुई डिग्रीमा झरेको थियो । तर आज भने काठमाडौँको न्यूनतम तापक्रम चार दशमलव आठ डिग्री रहेको महाशाखाले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।


**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा–१३, कास्की
फोन नं.: ०६१–५८५७९५, ०६१–५७६९८८

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८१/०९/२७ मा सम्पन्न हुने २६औं वार्षिक साधारण सभा तथा ९औं अधिवेशनको निर्वाचन कार्यतालिका:**

| क्र.सं. | कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | मतदाता नामावली प्रकाशन | २०८१।०९।२४ | ११ बजे | | संस्थाको कार्यालय |
| २. | मतदाता नामावली उपर दावी, छानबिन तथा अन्तिम मतदाता नामावली प्रकाशन | २०८१।०९।२४ | ११:१५ बजे | ३:०० बजे | संस्थाको कार्यालय |
| ३. | उम्मेदवारी पत्र वितरण, दर्ता | २०८१।०९।२५ | १०:३० बजे | १:०० बजे | संस्थाको कार्यालय |
| ४. | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०८१।०९।२५ | १:१५ बजे | | संस्थाको कार्यालय |
| ५. | उम्मेदवारी उपर दावी विरोध | २०८१।०९।२५ | १:३० बजे | २:३० बजे | संस्थाको कार्यालय |
| ६. | विरोध उपर छानबिन, निर्णय र उम्मेदवारी फिर्ता | २०८१।०९।२५ | २:३५ बजे | ३:३० बजे | संस्थाको कार्यालय |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१।०९।२५ | ४:०० बजे | | संस्थाको कार्यालय |
| ८. | उम्मेदवारको परिचय (साधारण सभा हुने स्थान) | २०८१।०९।२७ | १ बजे | ३ बजे | अधिवेशन स्थल |
| ९. | मतदान | २०८१।०९।२७ | ४ बजे | ७ बजेसम्म | अधिवेशन स्थल |
| १०. | मतगणना | निर्वाचन पश्चात | | | अधिवेशन स्थल |
| ११. | निर्वाचन परिणाम घोषणा/प्रमाण पत्र वितरण | | | | अधिवेशन स्थल |
| १२. | शपथ ग्रहण | | | | अधिवेशन स्थल |

**नोट :** उल्लेखित तालिका फेरबदल तथा अन्य निर्वाचन सम्बन्धि काम कारवाही तथा सूचना प्रकाशन गर्नुपरेमा निर्वाचन उपसमितिले निर्णय गर्न सक्ने छ।

निर्वाचन अधिकृत
संयोजक
निर्वाचन उपसमिति